# पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी सुदूरपश्चिम प्रदेश

मिति २०७६ साल आषाढ ११ गते को नगरसभा बाट स्विकृत

# आ. व. २०७६/०७७ को निती तथा कार्यक्रम

Scanned by TapScanner

छैठौँ नगर सभा बैठकमा २०७६ असार ११ गते बुधबार
नगर उपप्रमुख सरस्वती कोली ज्यू ले
पेश गर्नु भएको

# आर्थिक बर्ष २०७६/०७७ को
# नीति तथा कार्यक्रम आधार

पाटन नगरपालिका
नगर कार्यपालिका को कार्यालय
सुदूरपश्चिम प्रदेश
पाटन, बैतडी ।



Scanned by TapScanner

## पाटन नगरपालिका को आ.व.२०७६/०७७ को निती तथा कार्यक्रम :

पाटन नगरपालीकाको छैठौँ नगरसभमा नगर उपप्रमुख तथा निती तथा कार्यक्रम का संयोजक श्री सरस्वती कोली ज्यू ले पेश गर्नु भएको पाटन नगरपालिका को आ.व.२०७६/०७७ को निति तथा कार्यक्रम र बजेट :

## परिचय

### १.१ सक्षिप्त परिचय

वैतडी जिल्लाको पाटन नगरपालिका वि.सं.२०७१ सालमा साविकको पाटन गा.वि.स.तथा छिमेकि भूमेश्वर, सिलङ्गा, गुजर ,सकार र वसन्तपुर गा.वि.स. लाई मिलाएर २०७१ मंसिर १६ गतेका का दिन पाटन नगरपालिका घोषणा गरिएको थियो । वि.स. २०७३ सालमा नेपाल सरकारले गरेको राज्य पुर्नसंरचना अनुसार साविक पाटन नगरपालिका तथा साविकका सिद्धेश्वर, सिद्धपुर र कैलपाल गा.वि.स.लाई समेत मिलाएर सिङगो पाटन नगरपालिकाको स्थापना गरिएको छ । हाल यस नगरपालिका अर्न्तगत जम्मा १० वटा वार्डहरु रहेका छन र प्रत्येक वार्डहरुमा वार्ड कार्यालय रहेका छन । पाटन नगरपालिका बैतडी जिल्लाको सदरमुकामको पूर्वी भेग तर्फ पर्दछ । जिल्ला सदरमुकामबाट यो नगरपालिका ३६ कि.मी. को दूरीमा रहेको छ भने काठमाण्डौ वाट यसको दुरि लगभग ७६२ कि.मि. रहेको छ । यस नगरपालिकाको जम्मा क्षेत्रफल २१९.२६ वर्ग कि.मी रहेको छ । यस नगरपालिकाको पूर्वमा सिगास गाउपालिका पर्दछ भने पश्चिममा दशरथचन्द नगरपालिका र मेलौली नगरपालिका, उत्तरमा सूनर्या गाउपालिका र दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछ । २०६८ सालको जनगणना अनुसार यस पाटननगरको कुल जनसंख्या २९५३५ जना जस्मा महिला १६४४४ र पूरुष १३९९१ त्यस्तै घरधुरी संख्या ५७६७, रहेको छ । पहाडी लोकमार्ग अन्तरगत देशभरका निमार्णाधिन १० वटा मुख्य शहरहरु मध्ये पाटन पनि एक हो । हाल नमुना शहर बिकास कममा रहेको छ । हाल बैतडी जिल्लाको दोस्रो ठुलो शहरको रूपमा रहेको यो नगरपालिका मध्यपहाडी लोकमार्ग को यस नगरको मध्यभागबाट गएको हुदा भविस्यमा विकासका प्रचुर सम्भाबनाहरु रहेका छन ।

### १.२ विद्यमान अवस्थाको समिक्षा

#### १.२.१ सवल पक्ष

बैतडी जिल्लाको मुटुमा अबस्थित पाटन ,पञ्चेश्वर बहुद्धेशीय परियोजनको प्रबेशद्वारको रुपमा रहेको छ । बिमानस्थल, सुर्नयागाड्, सम्म भुभाग, साना जलबिद्धुत केन्द्र, पूर्ण खोप घोषणा, पुर्णसंस्थागत सुत्केरी, बिभिन्न वडाहरु बालमैत्री वडा घोषणा भईसकेको, पूर्णसरसफाई उन्मुख नगर, हाल नमुना शहर बिकास कममा रहेको, पाटन बहुमुखि क्याम्पस, १५ सैयाको अस्पताल स्थापनाको तयारी, पोलिटेक्निकल कलेज, ईलाका प्रहरी कार्यालय, बैंक तथा बित्तिय संस्थाहरु, व्यबस्थित होटल, बसपार्क, नगरपालिकाको भवन निर्माणको कममा रहनु आफैमा सबलपक्षहरु रहेका छन ।



Scanned by TapScanner

### १.२.२ दुर्वल पक्ष

नगर क्षेत्रको गुरुयोजना नहुनु, पानीको प्रयाप्त श्रोतको अभाव, नगरक्षेत्रको ढल निकास, एयरपोर्ट संचालनमा नरहनु, सबै वडाहरुमा सडक नहुनु, भएका सडकहरुको स्तरोन्नती नहुनु, गरीवी तथा चेतनाको अभाव, रुढीबादि परम्परा, बालउद्यान नहुनु, समुदायमा आधारित बालबिकास कक्षाहरु नहुनु, कृषीलाई व्यवसायीकरण नगरिनु, गुणस्तरीय आधारभुत शिक्षा, स्वास्थ्य, करको दायरा बढाउन नसक्नु, नक्सा पास नवनाई घर बनाउनु, भएको कर प्रणाली व्यबस्थित हुन नसक्नु, लगायतका सवालहरुलाई प्राथमिकताका साथ अगामी योजनामा समावेस गरेर लैजानुपर्ने आबश्यकता देखिन्छ ।

### १.२.३ अवसर

नेपालको संविधान जारी भई राज्य एक युगान्तकारी परिवर्तनमा गुडिरहेको छ । संवैधानिक व्यवस्था अनुरुप राज्यको पुर्नसंरचना भई संघियताको कार्यान्वयनका दिशामा राज्य अगाडी बढेको छ । स्थानीय निकायहरु स्थानीय तहको रुपमा रुपान्तरित भईसकेका छन् र बिकासको रुपमा अगाडी बढ्दै छन् । नयाँ जोस र जाँगर सहित नवनिर्वाचित पदाधिकारीहरु स्थानीय तहले प्राप्त गरिसकेको छ । यो विषय एउटा अवसरको रुपमा रहेको छ । नयाँ संरचना संगै जनतामा बढेको विकासप्रतिको चासो, चिन्तन ,अपेक्षा, चेतनास्तरमा सुधार पनि यस नगरपालिकाको अवसरको रुपमा रहेको छ ।

### १.२.४ चुनौती

जनप्रतिनिधी विहिनको अवस्थालाई अन्त्य गर्दै स्थानीय तहको निर्वाचन भैसकेपछि यस बाट जनताका उच्च महत्वकांक्षा रहेका छन् जुन स्वभाविक पनि छ त्यसलाई सम्वोधन गर्नु पर्नेछ । नगरको पूर्वाधार तर्फ अव्यवस्थित वसोवास, खानेपानीको प्रवन्ध, नगरको ढल निकास, वडा हरुमा सडक,पुल ,पानी बिजुली बिस्तार र व्यवस्थित गर्नु पर्नेछ । स्थानीय स्रोत साधनको पहिचान परिचालन र व्यवस्थापन नयां परिवेश अनुकुलको व्यवस्था गर्नु आजको अर्को चुनौति रहेको छ । आधारभुत शिक्षा स्वास्थ्य लाई सर्बसुलभ ,निःशुल्क,अनिवार्य तथा गुणस्तरीय बनाउन पर्ने छ । बालमैत्री,पुर्ण सरसफाईयुक्त, कुपोषणमुक्क्त र घरमा हुने सुत्केरी शुन्य ,अर्गानिक खेति युक्त नगर छिट्टै बनाउन पर्ने छ । नयां परिवेशमा संविधान तथा अन्य कानुनको मर्म अनुरुप काम गर्नु पर्नेछ । नगरपालिकाको शासन सञ्चालन प्रक्रियालाई गुणस्तरिय र प्रविधिमैत्री वनाउने, तथा सबै किसिमका कर्मचारीहरुको तत्काल व्यवस्थापन गरि सबै क्षेत्रको बिकासका लागि नगरपालिका भित्र बिभिन्न विषयगत शाखा उपशाखाहरु मार्फत काम गर्नुपर्ने देखिन्छ ।

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

यस नगरपालिकाको आ.व २०७६।०७७ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गरिएको छ । बास्तविक लोकतन्त्रको अभ्यास स्थानीय तहमै, जनताको नजिकै होस् , आफ्ना लागि आवश्यक विकास कार्यक्रमको छनोट कुनै बाहिरी ज्ञान भन्दा स्थानीयकै मौलिक ज्ञान र आवश्यकताको आधारमा होस् भनी वस्ती स्तरबाट योजना तर्जुमाको काम शुरु भएको छ । वस्ती स्तरबाट



Scanned by TapScanner

वडास्तरमा कार्यक्रम पेश भएपछि वडा समितिले प्राथमिकताका आधारमा विषय क्षेत्र समेत छुट्याई विषयगत समुहमा छलफल भइरहेको छ । यसरी विषयगत समितिले छलफलको माध्यमबाट योजना प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गराई बजेट तथा कार्यक्रम तर्जुमा समितिले क्षेत्रगत सिमाको परिधि भित्र रही छनोट गरेको बजेट, नीति तथा कार्यक्रमको अन्तिम टुंगो लगाई कार्यपालिकामा पेश गर्नुपर्ने हुन्छ । कार्यपालिकाले आवश्यक छलफल र थपघट गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्नुपर्दछ ।

**१.४ आयोजना प्राथमिकताका आधारहरु**

पाटन नगरपालिकाले आ.व. २०७६।०७७ मा संचालन गर्ने आयोजनाको छनोट गर्दा देहायबमोजिमका प्राथमिकताका आधारहरुमा रहेर छनोट गर्नेछ ।

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने योजना,
- राजस्व परिचालनमा प्रत्यक्ष योगदन पुर्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विष्द व्यवस्थापनमा योगदन पुर्याउने,
- समुदायलाई विपद व्यवस्थापन तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थानीय तहमा विद्यमान संस्कृतिहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने,
- पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यकमलाई प्राथमिकता दिने ।
- विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।
- साना भन्दा ठूला योजना (५ लाख भन्दा माथिका) बनाउन जोड दिइनेछ ।
- शिक्षा र स्वास्थ्यलाई टेवा दिने खालका योजना निर्माण गरिने छ ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारि भएको नगरपालिकाको निति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरुलाई अनुसरण गरि यस नगरपालिकाको बार्षिक निति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र निति तथा बिषय हरुलाई आधार लिएको छु ।

- ✓ नेपालको संबिधानमा व्यवस्था भएका निति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका बिषय ।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ नेपाल सरकारको आ.व.२०७६/०७७ को निति तथा कार्यक्रम ।
- ✓ नेपाल सरकारको आ.व.२०७६/०७७ को बजेट बक्तब्य ।
- ✓ नेपाल सरकार सुदूरपश्चिम प्रदेश को २०७६/०७७ निति तथा कार्यक्रम तथा बजेट वक्तव्य



Scanned by TapScanner

- ✓ पाटन नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु
- ✓ स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको नितीगत व्यवस्था

**१.५: पाटन नगरपालिकाको दिर्घकालिन सोच :**

**"सुखी र समृद्ध पाटनको आधार, कृषि, पर्यटन ,शिक्षा, स्वास्थ्य र व्यवस्थित पुर्वाधार"**

**१.६ लक्ष्य :**

पाटन नगरपालिकाको सबै घरमा शुद्ध खानेपानीको पहुच पुराउने, परम्परागत कृषि तथा पशु पालनलाई आधुनिकिकरण व्यवसायको रुपमा अगाडी बढाई बजारीकरण गर्ने, शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्न निशिचत मापदण्ड बनाई आधुनिक प्रविधि तथा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने साथै सफटवएरको माध्यमबाट विज्ञहरुको कलास र प्रोजेक्टरको माध्यमबाट पठन पाठन गराउन प्रोत्साहन गर्ने, लक्षित बर्ग महिला दलित अपाङ्ग हरुलाई सरकारको प्रत्याभुत हनेगरी समुन्नत समाजको बिकास गने, सडक भवन तथा भौतिक पुर्वाधारहरुमा गुणस्तर कायम तथा सुधार गरी जनसहभागिता मुलक योजनाहरु अगाडी बढाई समृद्ध नगर बनाउने ।

**१.७: उद्देश्य :**

ग्रामीण सडक यातायात विस्तारिकरण, रोजगारी सिर्जना, कृषिको व्यावसायीकरण, सामाजिक न्याय, सेवा प्राप्तीमा पहुँच वृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर, सामाजिक सौहार्दता, वातावरणीयरुपमा हराभरा नगरपालिका कायम गरी समृद्धिको दिशातर्फ उन्मुख गराउने ।

**१.८: अपेक्षित उपलब्धी :**

- ✓ ग्रामिण क्षेत्रसम्म गुणस्तरीय सडक संजालको पहुँच ।
- ✓ शिक्षा तर्फ लगानीले शैक्षिक गुणस्तर सुधार वृद्धि ।
- ✓ अत्यावश्यकीय आधारभुत स्वास्थ्य सेवा प्रदान ।
- ✓ जनताको चेतनास्तरमा साकारात्कसोच को वृद्धि ।
- ✓ कृषिको व्यावसायीकरणको माध्यमबाट कृषि उपजमा आत्मनिर्भरता कायम गर्ने ।
- ✓ नगरपालिकाको प्राकृतिक सम्पदा पहिचान गरी उपभोग गर्दा करको व्यवस्थापन गरि स्थानिय स्तरमै परिचालन गरि आन्तरीक आय वृद्धिले विकास कार्य तथा विपन्न वर्गहरुमा टेवा पुराउने ।

**१.९ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

- **समग्र नीति**

- ✓ भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकास गर्ने ।
- ✓ धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको विकास तथा प्रवद्धन गरी पर्यटकीय नगरको रुपमा विकास गर्ने ।
- ✓ समृद्ध नगरका लागी योजना बैंक निमार्ण गरी प्राथमिकताका आधारमा प्रबिधिक प्रतिबेदन अनुसार साना योजना देखि ठुला योजना सम्भाब्यताका आधारमा कार्यान्वयन गर्ने नीती अबलम्बन गर्ने ।
- ✓ न्यायिक समिति तथा सामुदायिक मेलमिलाप समिति को क्षमता अभिबृद्धि गर्ने र न्याय सम्बन्धमा दखल बनाईनेछ ।
- ✓ दलित संघ संस्था हरु संग समन्वय र साझेदारी गरी दलित सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ प्रत्येक वडामा दलित सामुदायिक भवन को व्यवस्था गरिनेछ ।



Scanned by TapScanner

- ✓ एकीकृत र दीर्घकालिन विकासको निम्ति आवधिक ३ बर्षिय योजना तर्जुमा गरि कार्यान्वयन गर्ने ।
- ✓ सूचना प्रविधिको प्रयोग र विस्तार गरी सेवाप्रवाहलाई छिटो, सरल र छरितो बनाउने ।
- ✓ समृद्ध र श्रोत सम्पन्न नगरपालिकाको रुपमा विकास गर्ने ।
- ✓ नगरभित्र रहेका जेष्ठ नागरिक , अपाङ्गता भएका व्यक्ति , जनजातीहरुको अभिलेखीकरण गरी हक अधिकारको सुनिश्चितता गरिनेछ ।
- ✓ साना भन्दा ठूला योजना (५ लाख भन्दा माथिका) बनाई यसै आर्थिक बर्ष बाट लागु गरिने छ
- ✓ पाटन बजार लाई स्मार्ट सिटी को अवधारणामा व्यवस्थापन गर्न सहयोग गरिनेछ ।

**१) आर्थिक क्षेत्र :**

कृषि, पशुपालन र तरकारी खेति मार्फत गरिबि निवारणमा सहयोग पुर्याईने छ । सिमान्तकृत ,बिपन्न, महिला हरुलाई सामुहिक व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने र बाखा पालन, कुखुरा पालन भैशी पालन व्यवसायमा अनुदान उपलब्ध गराईने छ ।

❖ **कृषि तथा पशुपालन:**

- ✓ कृषि पेशा लाई सम्मानित पेशाको रुपमा विकास गर्ने नमूना कृषि व्यवसाय संञ्चालन गरिरहेका कृषकहरुका लागि **नगर उत्कृष्ट कृषक** सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ व्यवसायिक गाई भैसि फर्म , बंगुर फर्म बाखा फर्म :, कुखुरा फर्म , बिकास र बिस्तारका लागि सहभागितामा, संम्बाब्यता को आधारमा माछा पालन , च्याउ खेती , माहरी पालन गर्ने किसान उद्यमी लाई अनुदान दिने निति अबलम्बन गरिनेछ ।
- ✓ किसानको क्षमता अभिबृद्धीका लागि बिशेष किसिमका कार्यक्रम आयोजना गर्ने निति अबलम्बन गरिने छ ।
- ✓ कृषि विकासमा संलग्न निकाय संस्था संग समन्वय र सहकार्य गरि कार्यन्यनमा ल्याईने छ ।
- ✓ कृषकहरु लाई बालि तथा पशु बिमा तर्फ आकर्शण गरीने तथा प्रत्येक बडामा एउटा नमुना कृषि फर्म र कृषि पकेट एरिया घोषणा गरिनेछ ।
- ✓ कम्पोष्ट मल बनाउने तथा सो को प्रयोग बढाउने उद्येश्यले गड्यौला प्रबिधि अपनाईनेछ ।

❖ **स्वास्थ्य "म स्वस्थ मेरो नगर स्वस्थ ,स्वस्थ सबल नागरीकहरुको बृद्धि, पाटन नगरको समृद्धी"**

- ✓ बहुक्षेत्रीय पोषण योजना लाई एकद्धार प्रणालिबाट प्रभावकारी रुपमा कार्यान्वयन गरी आर्थिक बर्ष २०७६/०७७ मा **पोषण नमुना टोल घोषणा** गर्न बजेट ब्यवस्था गरिनेछ ।
- ✓ स्वास्थ्य बिमा कार्यक्रम लाई बिशेष महत्वका साथ अगाडि बढाईने छ ।
- ✓ नेपाल सरकारबाट घोषणा गरिएका नि:शुल्क औशधिहरु सहज रुपमा प्रत्येक नगर भित्रका स्वास्थ्य संस्था बाट नगरबासिको पहुचमा पुर्याईने छ ।
- ✓ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आधुनिक औजार उपकरण हरु को ब्यबस्था गरिने छ ।
- ✓ प्रजनन् स्वास्थ्य सुधार युवा प्रजनन् शिक्षा तथा No home Delivery को निति अपनाईनेछ ।
- ✓ २ आयुरवेद स्वास्थ्य केन्द्र स्थापनाका लागि पहल गरीने छ ।



Scanned by TapScanner

- ✓ नेपाल सरकारले अघि सारेका अभियान हरु सफल रुपमा कार्यान्वयन गरिने छन जस अन्तरगत अगामी ३ बर्ष भित्रै बालमैत्री,पुर्ण संस्थागत सुत्केरी, नमुना स्वास्थ्य नगरको साथै कुपोषण मुक्त नगर घोषणा गरिने छ ।
- ✓ आर्थिक स्थिति कमजोर भएका तर अति कडा रोग जस्तै क्यान्सर , मुटु रोग , फोक्सो , किडनी आदि लागेका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध गराईनेछ ।

❖ **खानेपानि तथा सरसफाई "पुर्ण सरसफाई युक्त पाटन नगर, हामी सबैको एउटै रहर"**

- ✓ नगर भित्र **"एक धुरी एक धारा"** को निती अबलम्बन गरीने छ र खानेपानी लाई सबै वडामा सर्वसुलभ बनाउने उद्देश्यले डिप बोरिङ्ग प्रणाली लाई लागु गरिनेछ ।
- ✓ पुर्ण सरसफाई युक्त टोल , वडा र नगर र विद्यालयहरु घोषणाका निती अबलम्बन गरिनेछ । त्यसका लागी टोल स्तरिय सरसफाई समितिलाई प्रभाबकारी बनाई नगर तथा वडा स्तर अनुगमन गरिनेछ । खानेपानि तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायि बनाईनेछ ।
- ✓ सार्वजनिक सौचालयको संख्या थप गरि पाटन, खोड्पे, हतास ,सिलङ्गा र ठाडमा सर्वसुलभ एवम् व्यवस्थित गरिनेछ ।
- ✓ नगर भित्रका विद्यालयहरु लाई खानेपानी तथा सरसफाईमा अध्यावधकि गरी Three Star Approse *** पद्धतीमा ल्याउन कार्यकम गरिने छ ।
- ✓ नगर भित्रका दलित बस्तीहरुमा उज्यालो बत्ती तथा सरसफाई कार्यक्रम को नीती व्यवस्थित गरिनेछ ।

❖ **युवा तथा खेलकुद**

- ✓ युवाहरुको शक्ति लाई नगरको समृद्धिमा उपयोग गरि **नगर स्तरिय प्रतिभाको खोजि** तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ ।
- ✓ सामुदायिक बिद्यालयका खेल मैदानको स्तरोउन्नती गरी वडा तथा नगर स्तरीय खेल आयोजना गरिनेछ
- ✓ युवाहरुको बढ्दो खेल प्रतिको आर्कषक लाई मध्यनजर गरिं बिभिन्न खेलकुद गतिबिधि, कबर्ड हल निर्माण कार्य संचालन गर्न सहयोग गरिनेछ ।

❖ **सामाजिक सुरक्षा "स्थानिय सरकार बेसाहाराको आधार"**

- ✓ **"शिप युक्त महिला आत्म निर्भर पहिला"** भन्ने नारा लाई मुर्तरुप दिन महिला हरुका लागि सिलाई लाई कटाई , होजरी तथा ब्युटीपार्लर तालिम, हाउस वाईरङ्गि तालिम, कम्पुटर तालिम, मैन बत्ती निमार्ण तालिम, फलफुल खेती तालिम लगायत सिप बिकास तथा उद्यम प्रर्बदन कार्यक्रम संचालन गरिनेछ ।
- ✓ महिला हिंसा न्युनिकरण र लैङ्गीक बिभेदको अन्त्य गर्न सचेतना मुलक कार्यक्रम **सासु बुहारी अन्तरक्रिया,** दलित ,अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको, अपाङ्ग , दलित असहायको सामाजिक जिबनको सुरक्षाको सुनिस्चितता को कार्यकम ल्याईने छ।
- ✓ दलित उद्यमी किसानलाई कृषि उद्यमीको रुपमा बिकास गर्न एक वडा एक कार्यक्रम को निती अवलम्बन गरिनेछ ।
- ✓ मुक्त हलियाहरुलाई टेवा पुर्याउने कार्यक्रमको निती अवलम्बन गरिनेछ ।
- ✓ वालमैत्री स्थानिय शासनका कार्यक्रमहरु अवलम्वन गरी टोल , वडा र नगर लाई **CFLG घोषणा** गर्न पहल गरीने छ ।
- ✓ बाल बिवाह न्युनीकरण र लैङ्गीक हिंसा सम्बन्धी प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम गरिनेछ ।



Scanned by TapScanner

- ✓ महिला हिंसाका क्षेत्रमा काम गरिरहेको सामाजिक संस्था **सेफ हाउस** लाई अझ जिम्मेवार वनाउन त्यसको व्यवस्थापन तथा केस मेनेजरको रुपमा अगाडी वढाउने गरी कार्यक्रम यांजना वनाउने ।
- ✓ विभिन्न मसानघाट व्यवस्थापन गरिनेछ ।

**२) सामाजिक बिकास : "दक्ष जनशक्ति निमार्णको आधार, गुणस्तरीय शिक्षामा सबल सरकार"**

- ✓ प्रबिधिक शिक्षामा विषेश जोड दिई प्रत्येक वडाको एक बिद्यालयमा प्रबिधिक शिक्षा संचालन गरी उत्पादित जनशक्ति लाई आत्मनिर्भर बनाईने छ र उत्कृष्ट वडाका २ जना दलित महिला लाई प्रबिधिक शिक्षामा छात्रबृति प्रदान गरिनेछ ।
- ✓ नगरपालिका क्षेत्रभित्र संचालनमा रहेको आधारभूत विद्यालय र माध्यमिक तहका विद्यालयहरु मध्ये शैक्षिक गुणस्तर, भौतिक व्यवस्थापन, बाल मैत्री कक्षा व्यवस्थापन, खानेपानी शौचालय, बाह्य वातावरण का वडागत हसावले १/१ वटा विद्यालयहरुलाई **नमूना विद्यालयको** रुपमा छनोट गरिने छ ।
- ✓ नगर स्थरीय बार्षिक परीक्षामा एकरुपता कायम गरी कक्षा ८ को वोर्ड परीक्षा नियमानुसार गर्ने र अन्य कक्षाहरुको वार्षिक परिक्षा प्रश्नपत्र नगरले तयार गरी विद्यालयहरुलाई उपलव्ध गरी परिक्षा संचालन गरीनेछ ।
- ✓ नगर पालिका भित्र रहेका सबै बिद्यालय हरुमा शिक्षक दरबन्दी अभाबका कारण बिद्यालय व्यवस्थापन समितीले न्युन पारिश्रमिकमा नियुक्त गरी राखेका निजी शिक्षक व्यवस्थापनका लागी **"नगर स्वंयम सेबक शिक्षक"** लाई अझ प्रभाबकारी बनाईनेछ ।
- ✓ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने सन्दर्भमा शिक्षकहरुको क्षमतामा विकास गर्न **शिक्षक, अभिभावक र सरोकार** वालाहरुको आवश्यकतामा आधारित तालिम संचालन गरी सक्षम बनाइने छ ।
- ✓ शिक्षक विद्यार्थी अनुपात एकदमै न्यून रहेका विद्यालय क्षेत्रका बालबालिकाहरुको विद्यालय पहुँचको उपयुक्त व्यवस्थापन गरी विद्यालय तह मिलान, विद्यालय मर्ज, शिक्षक दरबन्दी मिलानका लागि विद्यालयका सरोकारवालाहरुसँग व्यापक अन्तरक्रिया, छलफल, बहस गरी सोका लागि सहजीकरण गरिने छ ।
- ✓ आधारभुत तहका बिद्यालयहरु लाई **प्रत्येक वडामा अंग्रजि माध्यम वाट अध्यापन** गर्न आबश्यक निती अवलम्बन गरीने छ ।
- ✓ मापदण्ड बिपरित संञ्चालनमा रहेका निजि बिद्यालयहरु लाई कानुन को दाहेरामा ल्याई संञ्चालन गर्न लगाईने छ ।
- ✓ टुहुरा असहाय लाई छात्रबृति को व्यवस्था गरिनेछ ।
- ✓ प्रत्येक बिद्यालयमा लोगसेवा को पहुच वढाउन अभिमुखिकरण कार्यक्रम को ब्यवस्था गरिनेछ ।

❖ **उद्योग तथा बाणिज्य (स्थानीय उत्पादन को प्रबर्दन उद्योगको सम्वर्द्धन )**

- ✓ स्थानिय सिपकला **डोको नाङ्ला आरन उद्योग लाई प्रोत्साहन र अनुदान र सिकर्मी डकर्मी लाई तालीम प्रदान गर्ने** निती अब्लम्बन गरीने छ ।
- ✓ प्रबिधिको बिकास संगै टेक्नोलोजीमा आधारित मोबाईल मर्मत , कम्प्यूटर मर्मत , हाउस वाईरिङ्ग , कृषि , भेटेनरी , जस्ता स्वरोजगारमूलक तालीम हरु दिई दक्ष जनशक्ति उत्पादन गरिनेछ ।



Scanned by TapScanner

- ✓ नगर क्षेत्रमा संचालित उद्योग तथा व्यवसायिक फर्म, दर्ता नविकरण कार्यलाई व्यवस्थीत गर्ने निती अवलम्बन गरीने छ ।
- ✓ स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।
- ✓ स्थानिय उत्पादनका लागि बजार सुनिश्चितता गरिनेछ ।
- ✓ नगरले आफ्नै नगर क्षेत्र भित्र पेट्रोल पम्प राख्न सक्नेछ ।

❖ **पर्यटन/संस्कृती : "पर्यटनमा लगानी, समृद्धिको बिहानी"**

- ✓ स्थानीय धार्मीक स्थलको संरक्षण र सम्बर्द्धन मठ मन्दिर दर्ता, गुठि पहिचान निती अबलम्बन गरिने छ
- ✓ **एक टोल एक गौरा खलो** को निती अबलम्बन गरिने छ ।
- ✓ परम्पपरागत लोकभाका सगुन, फाग, डेउडा, धुमारी लगाएत अन्य संस्कृतिको जगेर्ना गर्न " संग्राहालय" स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- ✓ ओखल्धुरा धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्र, सुगरकोट किल्ला, धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्र , गणेसधुरा लाइ ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकांस गर्न गुरु योजना निर्माण गरिने छ ।
- ✓ पुराना पाटि पैवा ,धर्मसाला , नौला ,संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।

❖ **सहकारी तथा बित्तिय क्षेत्र "स्थानिय सरकार शुसासनको पहरेदार"**

- ✓ बित्तिय संस्थामा "**एक ब्यात्ती एक खाता निति**" अनिवार्य रुपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ ।
- ✓ नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्शाहन गर्न विशेष निति अवलम्बन गरिने छ ।
- ✓ **"एक वार्ड एक सहकारीको निति"** अवलम्बन गरिने छ ।
- ✓ हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन को ब्यवस्था गरिने छ ।

## ३) पुर्वाधार विकास "भौतिक पुर्वाधार विकासको आधार "

❖ **सडक तथा यातायात:**

- ✓ "सामाजीक आर्थिक रुपान्तरणको आधार, बस्ती वस्तीमा यातायात पुर्वाधार" नारा लाई सार्थक बनाईने छ ।
- ✓ सवै वडाको पहुँचका लागी सडक नगरको केन्द्र देखि वडा केन्द्र सम्म सडक बिस्तार गरिने छ ।
- ✓ स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोन्नती गरिने छ ।
- ✓ स्थानिय सडकहरु हरियाली (Local Green Road) कार्यक्रम सुरुवात गरिने छ ।

❖ **सिचाई :**

- ✓ लिफ्ट सिचाईको प्रविधि मार्फत विकास र उपयोग गरिने छ ।
- ✓ ठाँउठाउमा **पोखरी निर्माण** गरी भुमिगत सिचाँइको अध्ययन अनुसन्धान गरिने छ ।



Scanned by TapScanner

✓ सिचाँइका निमित्त पोखरी मार्फत बर्खेपानी संकलनमा तथा आकासे टंकी द्वारा संकलनमा जोड दिइने छ ।
✓ लामो अवधिदेखि अधुरो रहिआएको पा.न.पा ६ स्थित पौडी सिचाई योजना संचालनमा ल्याईनेछ ।

❖ **भवन तथा शहरी विकास :**

✓ नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने र नगरको केन्द्र पाटन स्थित खोका छाप्रा लाई व्यवस्थित गरी सुन्दर पसल बनाईनेछ ।
✓ स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
✓ सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गर्न अतिक्रण लाई रोक लगाई लगाउने निती अवलम्बन गरीने छ ।
✓ **"एक भवन पाँच विरुवा"**रोपी हरीयाली (Green City) शहरमा जोड दिइने छ ।
✓ निर्माण सामाग्री थुपारी सडक असुरक्षा बढाउने लाई कानुनी कारवाहीका दायरामा ल्याइने छ ।
✓ भुकम्प प्रतिरोधात्मक घर निर्माण गर्न दक्ष मिस्त्री उत्पादन गर्न तालीमको व्यवस्था गरिनेछ ।

❖ **संचार तथा सुचना प्रविधि :**

✓ सुचना प्रविधिको सवै नागरीकको पँहुचलाई सुलभ बनाउनका लागी प्रत्येक **वडामा अप्टिकल फाईबर लाईन बिस्तार गरी ईन्टरनेट जडान** गरिनेछ ।
✓ जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, नागरिक वडा पत्र र विविध प्रविधि संग जोडिने छ । पर्यटन प्रवद्धन तथा सुचना सम्प्रेषणमा स्थानिय स्तरका संचार माध्यम हरु लाई प्राथमिकता दिईने छ ।
✓ नगरपालीकालाई प्रबिधिमैत्री बनाउन बिद्युतिय शासन प्रणाली प्रबद्धनमा जोड दिईनेछ ।
✓ नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गरिने छ ।
✓ नगरपालिकाको डिजिटल तथा E–Profile निर्माण गरीने छ ।
✓ सुचना प्रबिधिको बिकासमा रहेको बर्तमान बिश्व परिवेश अनुरुप नगरपालीका र यसका वडाकार्यालयहरुमा कम्प्युटर पद्धतिमा रुपान्तरण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त र छरितो गरिनेछ ।
✓ नगरपालीका अर्न्तातका सम्पुर्ण वडा कार्यालयहरु , बिद्यालयहरु , स्वाथ्य संस्थाहरुमा बिद्युतिय हाजिरी जडान गरी राष्ट्रसेवक कर्मचारीहरुको हाजीरी व्यवस्थापन गरिनेछ ।

❖ **बिद्युत तथा बैकल्पीक उर्जा, साना जलविद्युत सहित :**

✓ नगरपालिकाको ग्रामिण बस्तिमा गोवर ग्यासको प्रयोग र उपयोगमा जोड दिइने छ ।
✓ ग्रामिण क्षेत्रमा **धुवारहित सुधारीएको चुलो** प्रवर्द्धन गरिने छ ।
✓ पाटन स्थित जलबिद्युत आयोजनालाई संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ र साथै पाटन क्षेत्र भित्र १ मेगावाट क्षमताको बिद्युत निकाल्न अनुमति दिनको साथै उक्त कार्य संचालन मा ल्याईनेछ ।

## ४. वातावरण तथा विपद बयवस्थापन : "सवैको वन सुदूरपश्चिमको धन"

❖ **वन तथा भू-संरक्षण :**

✓ **"जनताको वन जनताको धन"** अवधारणा विकास गरिने छ ।



Scanned by TapScanner

✓ Fruit Forest अध्ययन र विकास गरि फलफुल खेतीमा बढुवा दिईने छ ।

✓ खालीवनको क्षेत्रमा फलफुल नर्सरी, जडीबुटी नर्सरीको उत्पादन र विकास तर्फ विशेष कार्यक्रम संञ्चालन गरिने छ ।

❖ **विपद् व्यवस्थापन :**

✓ विपद् व्यवस्थापन वारे पूर्व तयारी जानकारी संयन्त्र निर्माण, विपत आपतकालीन कोष तथा जनशंक्ती तयार गरिने छ ।

✓ नगर तथा वडामा उद्धार राहत पुनःस्थापना समिती गठन गरिने छ ।

✓ एंम्बुलेन्स र वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी छिटो छरितो स्तरीय बनाई जुनसुकैवेला संचालनको व्यवस्थापन गरिने छ ।

## ५) संस्थागत विकास सेवा प्रभाव र सुशासन

✓ स्थानीय सदाचार निति २०७६ को पालना गराउने तर्फ अग्रसर रहने छौ ।

❖ **मानव संसाधन विकास :**

✓ स्वच्छ प्रशासन चलाउन **"जन प्रतिनिधि तथा कमचारी आचार संहिता कार्य बिधि २०७६"** निमार्ण गरी जन प्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी लाई पुरुस्कृत र दण्डीत गर्ने निति अवलम्वन गरिनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन :

❖ **लेखाङ्कन, वित्तय परिचालन, तथ्याङ्क संकलन :**

✓ सुचनाको हकको सुनिश्चित गरिने छ ।

✓ नगरपालिका बाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षणमा निरन्तरता दिइने छ ।

✓ प्रत्येक जनप्रतिनिधीलाई तथ्याङ्कमा जिम्मेवार बनाइने छ ।

❖ **वित्तिय जोखिम र आन्तरीक लेखा परिक्षण :**

✓ आवधिक विकास योजना WPP, आवधीक नगरविकास योजना र यातायात गूरुयोजना तर्जुमा गरिने छ ।

✓ मदिरा बिक्री बितरण लाई निश्चित मापदण्ड को आधारमा व्यवस्थीत गर्न लगाईने निती अबलम्बन गरिने छ ।

✓ भारतमा गएका कामदार को बिमा प्रक्रियालाई निरन्तरता दिईनेछ ।

✓ सम्पती कर प्रणाली लागु गर्ने निती अवलम्वन गरिने छ ।

✓ प्रत्येक वडामा बैङ्किङ सेवालाई प्रभावकारी बनाईनेछ साथै सामाजिक सुरक्षा भत्ता लाई बैङ्किङ प्रणाली मार्फत प्रभावकारी ढंगले बितरण गरिनेछ ।

❖ **राजस्व संकलन :**

✓ सुर्नया नदीको ईआई गरी बालुवा गिट्टी कसर उद्योग लाई करको दायरामा ल्याई राजश्व संकलन गरिने छ ।

✓ घर बहाल कर लाई नीतिगत रुपमा अगाडी बढाई राजश्व संकलनमा बृद्धी गरिने छ ।



Scanned by TapScanner

- ✓ स्थानीय ब्यापारी हरुलाई नगरपालिकामा ब्यवसाय अनिवार्य दर्ता गरेर मात्र ब्यवसाय संचालनका लागी अनुमती दिईने छ ।
- ✓ पाटन नगरपालीका भित्र रहेका एफ.एम., पत्रपत्रिका , संचार माध्यम, बित्तीय संस्था ,संघ संस्था सम्पुर्ण लाई स्थानीय सरकार संचालन ऐन र स्थानीय राजपत्र अनुसार ब्यवस्थापन गरिनेछ ।
- ✓ नगर भित्रका सामुदायिक बनहरुमा जडीबुटी ,ढलापडा काठ ब्यवस्थापन, खोटो संकलन गर्न कर निधारर्ण गर्न नीति बनाई राजशवको दायरा फराकिलो बनाईने छ ।
- ✓ पाटन नगरपालीका क्षेत्र भित्र रहेका सम्पर्ण अधुरा योजनाहरु बजेट बनाउने क्रममा प्राथमिकताका आधारमा ब्यवस्थापन गरिनेछ ।

धन्यवाद ।।।

केशब बहादुर चन्द
नगर प्रमुख



Scanned by TapScanner

# पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी सुदूरपश्चिम प्रदेश

मिति २०७६ साल श्रावण १४ गतेको नगरसभा बाट स्विकृत

## आ. व. २०७६/०७७ को बजेट



Scanned by TapScanner

## पाटन नगरपालिका पाटन बैतडीको २०७६।७७ को बजेट सिलिङ्ग

| | | विवरण | रकम |
|---|---|---|---|
| **क) प्राप्त बजेट सिलिंग (आय अनुमान)** | | | |
| १ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | वित्तीय समानीकरण (केन्द्रीय सरकार अनुदान) | ११०,३००,००० |
| २ | | वित्तीय समानीकरण (प्रदेश सरकार अनुदान) | ७,०१९,००० |
| ३ | | सशर्त अनुदान (केन्द्रीय सरकार अनुदान) | २४४,७००,००० |
| ४ | | सामाजिक सुरक्षा | ६०,०००,००० |
| ५ | राजश्व | राजश्व बाँडफाँड(सघिंय) | ९४,४००,००० |
| ६ | | राजश्व बाँडफाँड(प्रदेश) | ३,१९९,००० |
| ७ | | आन्तरिक राजश्व | ११,०००,००० |
| ८ | | नगरपालिकाको सञ्चित कोष खातामा मौज्जाद | १०,०००,००० |
| | | **जम्मा बजेट सिलिङ्ग (क)** | **५४०,६१८,०००।००** |
| **ख) व्यय अनुमान** | | | |
| १ | | शशर्त कार्यक्रम | २४४७००००० |
| २ | | सामाजिक सुरक्षा कार्यक्रम | ६०,०००,०००।०० |
| ३ | | प्रशासनीक खर्च | ७२,८४३,१५२।०० |
| ४ | | कार्यक्रम खर्च | १२३,०७४,८४८।०० |
| ५ | | आकस्मीक तथा भैपरिआउने कोष | ५,०००,०००।०० |
| ६ | | समपुरक कोष | ३५,०००,०००।०० |
| | | **जम्मा रकम (ख)** | **५४०,६१८,०००।००** |



Scanned by TapScanner

# पाटन नगरपालिका पाटन बैतडीको
# प्रशासनीक खर्च २०७६।०७७

| चालु खर्च संकेत | शीर्षक | आ.व ७५।७६ को विनियोजित | कार्यपालिका तर्फ | वडा तर्फ | आ.व ७६।७७ को विनियोजित | श्रोत |
|---|---|---|---|---|---|---|
| २१११११ | पारिश्रामिक कर्मचारी | ११,९२३,७८९.०० | | | ३१४८९९५२.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २११२१ | पोशाक | ५९०,०००.०० | | | १००००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २११३१ | स्थानीय भत्ता | १,५००,०००.०० | | | २००००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २१२१४ | कर्मचारी कल्याण कोष | २,०००,०००.०० | | | २००००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २११३२ | मंहगी भत्ता | १,५००,०००.०० | | | २००००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २११३९ | बैठक भत्ता | १००,०००.०० | | | २००००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २१११२ | पारिश्रामिक पदाधिकारी | ६,७३२,०००.०० | | | ६७३२०००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २११४२ | पदाधिकारी अन्य सुविधा( सञ्चार) | १२१,२००.०० | | | १२१२००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२१११ | पानी तथा बिजुली | १५०,०००.०० | | | १५००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२११२ | संचार महसुल | ६००,०००.०० | | | ६०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२२११ | इन्धन(पदाधिकारी) | ३००,०००.०० | | | ३०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२२१२ | इन्धन(कार्यालय प्रयोजन) | २००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत | १००,०००.०० | | | १०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२२१४ | विमा तथा नवीकरण खर्च | २००,०००.०० | | | २०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ३,३६४,०००.०० | | | ३१०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |



Scanned by TapScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२३१३ | इन्धन अन्य प्रयोजन | ५०,०००.०० | | | ५००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | १,०००,०००.०० | | | १५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२४११ | सेवा र परार्मश खर्च | १,५००,०००.०० | | | २०००००.०० | राजश्व बाँडफाँड (संघ) |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च, नगर ईप्रोफईल | १००,०००.०० | | | ११०००००.०० | राजश्व बाँडफाँड (संघ) |
| २२४१३ | करार सेवा शुल्क | ५,१२४,०००.०० | | | १२५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२५११ | कर्मचारी तालिम खर्च | ५००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२६१२ | भ्रमण खर्च | ५००,०००.०० | | | १५०००००.०० | राजश्व बाँडफाँड (सघिंय) |
| २२७२१ | सभा सञ्चालन खर्च | ५००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड(सघिंय) |
| २८१४२ | घर भाडा | ९००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड(सघिंय) |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००,०००.०० | | | ५०००००.०० | राजश्व बाँडफाँड(सघिंय) |
| २२७११ | विविध खर्च | १,०००,०००.०० | | | १२०००००.०० | राजश्व बाँडफाँड(सघिंय) |
| जम्मा | | ४१,३५४,९८९.०० | | | ७२८४३१५२.०० | |



Scanned by TapScanner

## पाटन नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को नगरस्तरीय सिलिङ्ग बाट छनोट कार्यक्रम

### मिति २०७६।०४।१३ गते योजना तर्जुमा समिति बाट कार्यपालिकामा पेश भई स्विकृत

| क्र.स | आयोजनाको नाम | | विनियोजित रु | श्रोत | | | | जनसहभागीता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | संघिय | प्रदेश | प्रकार | |
| | कार्यक्रम पुजिंगत | | | | | | | |
| १ | वडा स्तरीय योजना तथा कार्यक्रम | कार्यपालिका | ३०,०००,००० | | संघिय | | नगर | |
| २ | हरिचन रौलेश्वर र लोर्खा सकार,कैलपाल सडक (ठेक्का भएको) | कार्यपालिका | १५,०००,००० | | संघिय | | नगर | |
| ३ | पाटन बृहत खानेपानी म्याचिंग फण्ड | कार्यपालिका | १५,०००,००० | | संघिय | | नगर | |
| ४ | नगर स्वयंसेबक शिक्षक अनुदान | कार्यपालिका | १४,५००,००० | | संघिय | | नगर | |
| ५ | कृषक तथा व्यवसायी हरुलाई अनुदान (बाखा पालन गाई पालन कुखुरा पालन माछा पालन माहुरी पालन) | कार्यपालिका | २,०००,००० | | संघिय | | नगर | |
| ६ | बहुक्षेत्रीय पोषण कार्यकम अन्तरगत पोषण नमुनाटोल कार्यकम (३ वडामा) | कार्यपालिका | ५००,००० | | संघिय | | नगर | |
| ७ | वडा नम्बर ०४, १०, र ०५ वडा कार्यालय भवन निमार्ण र ०६ वडा मर्मत कार्यालय (५ लाख) | कार्यपालिका | ६,०००,००० | | संघिय | | नगर | |
| ८ | नगर तथा वडा स्तरीय खेलकुद कार्यकम | कार्यपालिका | १,०००,००० | | संघिय | | नगर | |
| ९ | महिला, दलित, अपाङ्ग, जनजाति लाई उद्यमशिल जिबिको पार्जनका लागी सिलाई कटाई तालिम, कम्पियुटर तालिम, हाउस वाईरिड तालिम,होजियारी तालिम कार्यकम | कार्यपालिका | १,०००,००० | आन्तरिक | | | नगर | |



Scanned by TapScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | उत्पीडनमा परेका महिलाको लागी सेफ हाउस लाई केस मेनेजर कार्यक्रम | कार्यपालिका | ३००,००० | | संघिय | | नगर | |
| ११ | नगर स्तरीय सडक सफाई कार्यक्रम | कार्यपालिका | ३,०००,००० | | संघिय | | नगर | |
| १२ | बिपत व्यवस्थापन | कार्यपालिका | १,०७४,८४८ | आन्तरिक | | | नगर | |
| १३ | जम्कट्टे वडा कार्यालय सडक | पाटन ७ कैलपाल | १,०००,००० | | संघिय | | नगर | |
| १४ | चुच्चाई खोल्सी सुकेली बसन्तपुर सडक | पाटन ५ बसन्तपुर | २,०००,००० | | | प्रदेश | नगर | |
| १५ | भुमिराज मन्दिर निमार्ण | पाटन ४ भुमेश्वर | ५००,००० | | संघिय | | नगर | |
| १६ | टकरे भट्याडी वडा कार्यालय जोड्ने सडक | पाटन ९ सिद्धेश्वर | २,०००,००० | | | प्रदेश | नगर | |
| १७ | किलोहाणे जजट्टा सडक | पाटन १० सिद्धपुर | १,०००,००० | | | प्रदेश | नगर | |
| १८ | लौच्यागैर खानेपानी योजना | पाटन १० सिद्धपुर | ५००,००० | | | प्रदेश | नगर | |
| १९ | महत्वपुर्ण योजना डि.पि.आर. निमार्ण | कार्यपालिका | ४,५००,००० | | | प्रदेश | नगर | |
| २० | निशुल्क स्वास्थ्य सेवाका लागी अत्याबश्यक औषधी तथा सामाग्री खरिद | कांर्यपालिका | १,५००,००० | | संघिय | | नगर | |
| २१ | औजार,उपकरण तथा आबश्यक सामाग्रीहरु खरिद | कार्यपालिका | ५००,००० | | संघिय | | नगर | |
| २२ | स्वास्थ्य संस्थाहरु लाई फर्निचर,तथा आबश्यक सामान खरिद | कार्यपालिका | ३००,००० | | संघिय | | नगर | |
| २३ | स्वास्थ्य सेवालाई प्रभाबकारी बनाउन प्रबिधी ब्यस्थापन | कार्यपालिका | १५०,००० | | संघिय | | नगर | |
| २४ | जेष्ठ नागरीक हरुका लागी औषधी खरिद | कार्यपालिका | ३००,००० | | संघिय | | नगर | |
| २५ | म.स्वा.से. , स्वास्थ्य संस्था संचार ,मोबायल मर्मत खर्च,( मोबायल स्वास्थ्य कार्यक्रम) | कांर्यपालिका | २५०,००० | | संघिय | | नगर | |
| २६ | नर्सिंग कर्मचारीहरु लाई दक्ष प्रसुतीकर्मी तालिम खर्च तथा अनुगमन | कार्यपालिका | २७०,००० | | संघिय | | नगर | |



Scanned by TapScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | म.स्वा.से. मासिक बैठक यातायातखर्च, सम्मानजनक बिदाई लगायतका कार्यक्रम लागी | कार्यपालिका | ६५०,००० | | संघिय | | नगर | |
| २८ | १० वटै वडाहरुका खानेपानीको गुणस्तर जाच गर्न | कार्यपालिका | ७०,००० | | संघिय | | नगर | |
| २९ | स्वस्थकरघर प्रर्बद्धनका लागी स्वस्थकर घर सम्बन्धि फ्लेक्स बितरण | कार्यपालिका | ३००,००० | | संघिय | | नगर | |
| ३० | मेरो बाबालाई चिठ्ठी बितरण ( १००० ) दिने सबै आमाहरुलाई | कार्यपालिका | ७०,००० | | संघिय | | नगर | |
| ३१ | पोषण सुधारका लागी RDQA कार्यक्रम गर्न १० वर्ट वडाहरुमा | कार्यपालिका | ६०,००० | | संघिय | | नगर | |
| ३२ | नर्स हरु लाई अल्ट्रासाउण्ड तालिम खर्च तथा अनुगमन | कार्यपालिका | ८०,००० | | संघिय | | नगर | |
| ३३ | मासिक । अर्धबार्षिक । बार्षिक समिक्षा गोष्ठी तथा योजना निर्माणकार्यक्रम | कार्यपालिका | १५०,००० | | संघिय | | नगर | |
| ३४ | स्वास्थ्य सम्बन्धि दिवश हरु मनाउन | कार्यपालिका | ५०,००० | | संघिय | | नगर | |
| ३५ | रेडियो तथा संचार माध्यम बाट स्वास्थ्य सन्देश छपाई तथा प्रशारण | कार्यपालिका | ५०,००० | | संघिय | | नगर | |
| ३६ | स्टेशनरी,मसलन्द, अभिलेख तथा प्रतिबेदन फाराम हरु छपाई | कार्यपालिका | १००,००० | | संघिय | | नगर | |
| ३७ | अत्याबश्यक प्रसुती सेवा रिफरल सेवा कोष | कार्यपालिका | ५०,००० | | संघिय | | नगर | |
| ३८ | स्वास्थ्य संस्थाहरुको समाजिक परिक्षण कार्यक्रम | कार्यपालिका | २००,००० | | संघिय | | नगर | |
| ३९ | यच.आई.भि. पिडित एकल महिला तथा टुहुरा बालबालिका हरु लाई पोषण भत्ता | कार्यपालिका | २००,००० | | संघिय | | नगर | |



Scanned by TapScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | औजार,उपकरण ,खोप,फर्निचर ढुवानी,प्याकिंग | कार्यपालिका | १५०,००० | | संघिय | | नगर | |
| ४१ | बिद्यालय आखा जाच कार्यक्रम | कार्यपालिका | १००,००० | | | प्रदेश | नगर | |
| ४२ | स्वास्थ्य शिबिर संचालन | कार्यपालिका | २५०,००० | आन्तरिक | | | नगर | |
| ४३ | नो मोर होम डेलिभरी प्रबर्द्धन कार्यक्रम संचालन तथा धोषणा | कार्यपालिका | ३००,००० | | संघिय | | नगर | |
| ४४ | भट्याडी खानेपानी योजना | पाटन ०९ भट्याडी | ५००,००० | | संघिय | | नगर | |
| ४५ | त्रिपुरश्वर मसान घाट सेड व्यवस्थापन | कार्यपालिका | १,०००,००० | | संघिय | | नगर | |
| ४६ | पलडा नयाँ खानेपानी तथा सिचाई योजना | पाटन ०७ उपल्लाबाटुला | ५००,००० | आन्तरिक | | | नगर | |
| ४७ | आर्थिक बिपन्न गरिब लाई उपचार राहत | कार्यपालिका | ५००,००० | आन्तरिक | | | नगर | |
| ४८ | पाईप खरिद योजना १० वटै वडा | कार्यपालिका | ५००,००० | आन्तरिक | | | नगर | |
| ४९ | गाडीईजर-साझखेत सिचाई योजना | कार्यपालिका | ५००,००० | आन्तरिक | | | नगर | |
| ५० | लोक सेवा आयोगको कक्षा संचालन कार्यक्रम | कार्यपालिका | ५००,००० | | संघिय | | नगर | |
| ५१ | स्थानिय नदि बाट बिद्युत उत्पादनका लागी संम्भाब्यता अध्यन डिपिआर | कार्यपालिका | १,५००,००० | आन्तरिक | | | नगर | |
| ५२ | कार्यालय प्रयोजनको लागी गाडी खरिद | कार्यपालिका | ३,१००,००० | आन्तरिक | | | नगर | |
| ५३ | नेत्कट्टे खानेपानी योजना | पाटन २ नेत्कट्टे | ५००,००० | | संघिय | | नगर | |
| ५४ | सिरोली सिचाई योजना,शहिद सालिक निमार्ण, सिगास आ.बि. भवन मर्मत योजना | पाटन ०७ , ०४ र ०३ | ५००,००० | आन्तरिक | | | नगर | |
| ५५ | ढाडखोला देखि मल्लासैनी सिचाई योजना र खानेपानी टंकी सिचाइ योजना | पाटन ०३ गौडाली,०१ डैसिली | ७००,००० | आन्तरिक | | | नगर | |
| ५६ | जुकेपानी खोला देखि बाडीखाना लुहार बस्ती खाानेपानी योजना | पाटन १० बाडिखाना | ५००,००० | | संघिय | | नगर | |



Scanned by TapScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | गैरदलित एकल महिला र दलित एकल महिलाको आय आर्जन सुधारमा बाखापालन १० वटै वडामा, आधुनिक चक्की जातो १० वटै वडामा | कार्यपालिका | ५००,००० | आन्तरिक | | | नगर | |
| ५८ | हजार दिने आमाहरुलाई पोषण प्रवर्द्धनको उप मेयर कोसेली र दलित जनजाती क्षमता अभिवृद्धि कार्यक्रम १० वटै वडामा | कार्यपालिका | ५००,००० | | संघिय | | नगर | |
| ५९ | सैंखाया न्यौलानी सडक | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघिय | | नगर | |
| ६० | भिटा मुलसडक देखि सुर्नया पिसिसि बाटो र मदन भण्डारी फाउन्डेसन घेर पर्खाल योजना | पाटन ०६ पाटन | ५००,००० | | संघिय | | नगर | |
| ६१ | मुक्त हलिया क्षमता अभिबृद्धी कायृकम, पन्चेबाचा सधार र बनारसी मन्दिर मर्मत, पत्थरानी खानेपानी पाईप खरिद, भ्फालीमाली गोगन खोला सिचाई पोखरी र जायगडे मन्दिर योजना, छल्लेकी मन्दिर | पाटन ०३ गुजर र ०५ बसन्तपुर र पाटन ०२ | ८००,००० | | संघिय | | नगर | |
| ६२ | किम्तोली उपल्ला बाटुला सडक | पाटन ०७ कैलपाल | १,८००,००० | | संघिय | | नगर | |
| ६३ | छिनिमोड गौडाली हुदै गुजर सडक | पाटन ०३ गुजर | १,०००,००० | | संघिय | | नगर | |
| ६४ | डिबोरिङ्ग योजना हतास | पाटन १० सिद्धपुर | २००,००० | | संघिय | | नगर | |
| ६५ | डिबोरिङ्ग योजना मटे रुबसेधार | पाटन १० सिद्धपुर | २००,००० | | संघिय | | नगर | |
| ६६ | डिबोरिङ्ग योजना पनाली | पाटन १० सिद्धपुर | २००,००० | | संघिय | | नगर | |
| ६७ | मल्लाउ डिबोरिङ्ग योजना | पाटन ०७ कैलपाल | ३००,००० | | संघिय | | नगर | |
| ६८ | ड़िपिआर लिफटिङ्ग सिचाई योजना | पाटन ४,६,९र १० | १,३००,००० | | संघिय | | नगर | |
| | जम्मा | | २४,५७४,८४८ | | | | | |



Scanned by TapScanner

## पाटन नगरपालिका वडा नम्बर ०१ आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/03/20 को बैठक बाट छनोट योजना

| क.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | श्रोत: संघीय | श्रोत: प्रकार | श्रोत: जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | वडा स्तरीय खानेपानी मर्मत तथा पाईप खरिद | पाटन १ सकार | ५००,००० | | संघीय | वडा | |
| २ | पोषण सुधार कार्यक्रम (१००० दिनका आमा तथाशिशु) ,महिला, दलित, बालबालिका ,पोषण सुधार कार्यक्रम | पाटन १ सकार | ५००,००० | | संघीय | वडा | |
| ३ | गजिन्ना गारालालेक सिंचाई योजना | पाटन १ गरालालेक | ५००,००० | | संघीय | वडा | |
| ४ | डैसिली लदौली त्रिपुरेश्वर सडक निर्माण योजना | पाटन १ सकार | ५००,००० | | संघीय | वडा | |
| ५ | टुँडीगाँड गेरडा सडक,पोखरी बलेत सडक निर्माण योजना | पाटन १ सकार | ८००,००० | | संघीय | वडा | |
| ६ | महत्वपुर्ण योजना डिपिआर | पाटन १ सकार | ५००,००० | आन्तरिक | | वडा | |
| ७ | सडक स्तरोन्नती तथा सफाई योजना | पाटन १ सकार | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,८००,००० | | | | |

## पाटन नगरपालिका वडा नम्बर ०२. आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/03/१९ को बैठक बाट छनोट योजना

| क.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित.रु | श्रोत: आन्तरिक | श्रोत: संघीय | श्रोत: प्रकार | श्रोत: जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | कृषी तथा पशु कार्यक्रम | पाटन २ सिलंगा | ५००,००० | | संघीय | वडा | |
| २ | पोषण सुधार कार्यक्रम (१००० दिनका आमा तथाशिशु),महिला,दलित,अपाङ्ग,खेलकुद,बालबालिका, टुहुरा बालबालिका ,लक्षित कार्यक्रम | पाटन २ सिलंगा | ५००,००० | | संघीय | वडा | |
| ३ | वडा स्तरीय सडक सरसफाई तथा मन्दिर निर्माण | पाटन २ सिलंगा | ५००,००० | | संघीय | वडा | |
| ४ | वडा कार्यालय भवन मर्मत तथा फर्निचर घेरपवार | पाटन २ सिलंगा | ५००,००० | | संघीय | वडा | |
| ५ | वडा स्तरीय खाने पानी तथा सिचाई निर्माण योजना | पाटन २ सिलंगा | ५००,००० | | संघीय | वडा | |
| ६ | संस्थागत विकास तथा सेवा प्रबाह | पाटन २ सिलंगा | ३८९,००० | | संघीय | वडा | |
| | जम्मा | | २,८८,९०० | | | | |



Scanned by TapScanner

## पाटन नगरपालिका वडा नम्बर ०३, आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/०३/१८ को बैठक बाट छनोट योजना

| | | | | श्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | ढाणखोला देखि मल्लिसैनी सिचाई कुलो पोखरी निर्माण योजना तथा सेराईआमा मन्दिर निमार्ण योजना | पाटन ३ गुजर | ५००,००० | | संघीय | वडा | |
| २ | टाकुले देखी उपरतोला खा.पा. मर्मत तथा पोखरी निर्माण योजना , राम जानकी मन्दिर र अधुरो सिगास भण्डारघर निर्माण | पाटन ३ गुजर | ५००,००० | | संघीय | वडा | |
| ३ | तिपुरमड देखि सिमढुंगा वडा कार्यालय, स्वास्थ्य चौकी सम्म खानेपानी | पाटन ३ गुजर | ५००,००० | | संघीय | वडा | |
| ४ | जोलावाज बत्थी गडान कल्तडी सम्म सडक मर्मत तथा सफाई | पाटन ३ गुजर | ५००,००० | | संघीय | वडा | |
| ५ | ठुलाखोला मुहान देखी डोब हुदै तल्लीधुरा ( चिमलबन्द) सम्म खानेपानी निर्माण योजना | पाटन ३ गुजर | ९५७,००० | | संघीय | वडा | |
| | जम्मा | | २,९५७,००० | | | | |

## पाटन नगरपालिका वडा नम्बर ०४, आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/०३/१९ को बैठक बाट छनोट योजना

| | | | | श्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | डोडरचौर भेउल्दा बगाडी सडक निर्माण योजना | पाटन ४ भुमेश्वर | ५००,००० | | संघीय | वडा | |
| २ | रौटेकोल देखी बसै टोल सम्मको पि.सि.सि. बाटो निर्माण योजना | पाटन ४ भुमेश्वर | ५००,००० | | संघीय | वडा | |
| ३ | कुडी भण्डार घर , खेल मैदान | पाटन ४ भुमेश्वर | ५००,००० | | संघीय | वडा | |
| ४ | खोल्सी सिचाई पाईप निर्माण योजना | पाटन ४ भुमेश्वर | ५००,००० | | संघीय | वडा | |
| ५ | जेउडे खोप क्लिनिक । स्वास्थ्य व्यवस्थापन योजना | पाटन ४ भुमेश्वर | ४२९,००० | | संघीय | वडा | |
| ६ | पोषण प्रर्वधन कार्यक्रम (१००० दिनका आमातथाशिशु) तथा सरसफाई र ए.टि.म. प्याड प्रविधि जडान ,स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | पाटन ४ भुमेश्वर | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | २,९२९,००० | | | | |



Scanned by TapScanner

## पाटन नगरपालिका वडा नम्बर ०५ आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/03/20 को बैठक बाट छनोट योजना

| क.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | श्रोत: संघीय | श्रोत: प्रकार | श्रोत: जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | पातल गैनगडा,गौडमाई,न्वाड औडेढाल कुलडा खानेपानी योजना | पाटन ०५ बसन्तपुर | ५००,००० | | संघीय | वडा | |
| २ | देणेखाली दलित बस्ती कुलडा खानेपानी योजना | पाटन ०५ बसन्तपुर | ५००,००० | | संघीय | वडा | |
| ३ | डोडरचौर वडा कार्यालय सडक योजना | पाटन ०५ बसन्तपुर | ५००,००० | | संघीय | वडा | |
| ४ | कर्कल देखि जुकेपानी PCC बाटो योजना | पाटन ०५ बसन्तपुर | ५००,००० | | संघीय | वडा | |
| ५ | घरतोला धनाड विच माझडाडा पन्नोरा ढुलढुगा गोठानी खानेपानी योजना | पाटन ०५ बसन्तपुर | ४००,००० | | संघीय | वडा | |
| ६ | गाईचडा मन्दिर तथा गाईचेगाड आरसिसि पुल | पाटन ०५ बसन्तपुर | ५००,००० | | संघीय | वडा | |
| ७ | हेराली घर निमार्ण, घाङ्ल सिंचाई तथा बिजर खानेपानी पोखरी | पाटन ०५ बसन्तपुर | ४४९,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,३४९,००० | | | | |

## पाटन नगरपालिका वडा नम्बर ०६. आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/03/१९ को बैठक बाट छनोट योजना

| क.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | श्रोत: संघीय | श्रोत: प्रकार | श्रोत: जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | कृषि औजार खरिद, लाटामाण्डौ खिपाली ढलनिकास ढाल्पा ब्यवस्थनपन | पाटन ६ पाटन | ५००,००० | | संघीय | | |
| २ | खानेपानी ईन्टेक मर्मत,पाटन,टुडिखांड मेलतडा,सामुहिक पार्टी प्यालेस सामाग्री खरिद कालेउडा लाटो पिजास निमार्ण | पाटन ६ पाटन | ६५०,००० | | संघीय | वडा | |
| ३ | डुगरा देखि सन्तोलि सडक निमार्ण योजना | पाटन ६ पाटन | ५००,००० | | संघीय | | |
| ४ | सेरा नहर देखि लोंखा ,औजेउडा देखि भुलेउडा, दशरथचन्द राजमांग देखि सामुदायिक भवन टुडेगैर र डोबरा पिपल चौतारा देखि भट्टाड सम्म पि.सि.सि. बाटो निर्माण | पाटन ६ पाटन | ५००,००० | | संघीय | | |
| ५ | डाडाबाग मन्दिर दखि स्वर्गेनी पिपल सम्म पर्यटकीय सडक,हुम्मन्ना देखि बगर सम्म ग्रामिण सडक,नौलदेउ राजमार्ग देखि आधारभुत विधालय पन्तेउडा सम्म ग्रामिण सडक निर्माण योजना | पाटन ६ पाटन | ५००,००० | | संघीय | | |
| ६ | महिला, महिला स्वास्थ्य स्वयंसेबिका सम्बन्धि आवश्यक सामाग्री , जनजाती दलित,अपाङ्ग,खेलकुद,बालबालिका ,टुहुरा HIV पिडित अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम संचालन वडा कार्यालय प्रयोजनको लागी ल्यापटप र क्यामेरा खरिद,बजार अनुगमन, जनचेतना,वडा प्रोफायल,पत्रकारितामा आधारित जनप्रतिनिधी जनसम्वाद प्रशिक्षण कार्यक्रम | पाटन ६ पाटन | ६३७,०७३ | | संघीय | | |
| | जम्मा | | ३,२८७,०७३ | | | | |



Scanned by TapScanner

## पाटन नगरपालिका वडा नम्बर ०७, आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/०३/१९ को बैठक बाट छनोट योजना

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | गोदाम पहिरो नियन्त्रण,गौराघर गैरपलडा योजना | पाटन ७ उपल्लाबादुला | ५२५,००० | | संघीय | वडा | |
| २ | जोनि,गजिन्डा सिचाई योजना | पाटन ७ जोगिना मटिना | ५७९,९२१ | | संघीय | वडा | |
| ३ | कोर गाउ खलो ,रुपल्ली किम्तोली सडक | पाटन ७ कोर गाउ रुपल्ली | ५००,००० | | संघीय | वडा | |
| ४ | वडास्तरीय खानेपानी तथा दानखोला रौंईजर सिचाई पोखरी | पाटन ७ कैलपाल | ९००,००० | | संघीय | वडा | |
| ५ | खमर खेत सिचाई योजना | पाटन ७ बगड | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,००४,९२१ | | | | |

## पाटन नगरपालिका वडा नम्बर ०८, आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/०३/१९ को बैठक बाट छनोट योजना

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | सिगास मन्दिर ध्वनीघर,सिद्धनाथ मन्दिर ध्वनीघर निर्माण योजना | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| २ | वडास्तरीय सडक मर्मत तथा निर्माण योजना | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ३ | वडास्तरीय खानेपानी मर्मत तथा सिचाई निर्माण योजना | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ४ | अधुरा आर.सि.सि.पुल निमार्ण योजना तथा तिमले खानेपानी योजना तल्लो मल्लो | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ५ | सिद्धदिप आधाभुत बालउधान तथा जनता मा.बि. घेरबार योजना | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ६ | पोषण प्रर्बधन कार्यकम (१००० दिनका आमातथाशिशु),महिला, दलित, अपाङ्ग ,खेलकुद, वालबालिका,टुहुरा महिला स्वास्थ्य स्वंयम लक्षित वर्गका लागी बिभिन्न कार्यकम | पाटन ८ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,०००,००० | | | | |



Scanned by TapScanner

## ०९ नं.वडा समितीको मिती २०७६/03/१७ को बैठक बाट छनोट योजना

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | वडा कार्यालय व्यवस्थापन उद्घाटन फर्निचर तथा आवश्यक सामाग्री खरिद योजना | पाटन ०९ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| २ | पोषण सुधार कार्यक्रम (१००० दिनका आमा तथाशिशु),महिला,दलित,अपाङ्ग,खेलकुद,बालबालिका, दुहुरा बालबालिका लाई छात्रबृती,जेष्ठ नागरिक तथा महिला स्वास्थ्य स्वंयम सेबिका सम्मान लक्षित कार्यक्रम | पाटन ०९ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ३ | साणीभौनी पानी मुहान संरक्षण तथा साणीभौनी, ईजरखोला खानेपानी योजना | पाटन ०९ कर्तकोट | ५००,००० | | संघीय | वडा | |
| ४ | भवानी मन्दिर घेरबार फिल्ड तथा गौराघर निमार्ण योजना | पाटन ०९ टकरे किचार | ५००,००० | | संघीय | वडा | |
| ५ | सिगास मन्दिर काकस्याली, गौराघर निमार्ण धारापानी, सल्लेबासा खानेपानी, आकाशे तथा टंकी तल्लो टकरे निमार्ण योजना | पाटन ०९ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| ६ | वडा स्तरीय सडक सफाई योजना | पाटन ०९ सिद्धेश्वर | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,०००,००० | | | | |

## पाटन नगरपालिका वडा नम्बर १० आर्थिक बर्ष २०७६/०७७ को कार्यक्रम

### वडा समितीको मिती २०७६/03/१९ को बैठक बाट छनोट योजना

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | विनियोजित रु | श्रोत: आन्तरिक | संघीय | प्रकार | जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम पुजिंगत | | | | | | |
| १ | गैलेक सिचाई योजना | पाटन १० गैलेक | ५००,००० | | संघीय | वडा | |
| २ | पन्टा खोला खानेपानी योजना | पाटन १० पनाली | ५००,००० | | संघीय | वडा | |
| ३ | डुब्के गौरा खलो योजना , निलपालेश्वर ध्वनी घर | पाटन १० डुब्के , डैसिली | ५१२,००० | | संघीय | वडा | |
| ४ | भुमिराज सामुदायिक भवन तथा तल्लो मटे गौरा खलो निमार्ण योजना | पाटन १० मटे | ५००,००० | | संघीय | वडा | |
| ५ | बाजा जजट्टा सडक निमार्ण योजना | पाटन १० जजट्टा | ५००,००० | | संघीय | वडा | |
| ६ | पोषण प्रर्बधन कार्यक्रम (१००० दिनका आमातथा शिशु),महिला,दलित,अपाङ्ग,खेलकुद,बालबालिका,दुहुरा बालबालिका लाई पोशाक,महिला स्वास्थ्य स्वंयम सेबिका सम्मान,शिक्षक, बिद्यार्थी, उपभोक्ता समिती व्यवसाहिक कृषक,उत्कृष्ट कर्मचारी सम्मान, स्वास्थ्य सरसफाई, HIV पिडित लक्षित कार्यक्रम | पाटन १० सिद्धपुर | ५००,००० | | संघीय | वडा | |
| | जम्मा | | ३,०१२,००० | | | | |

केशब बहादुर चन्द
नगर प्रमुख



Scanned by TapScanner